नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(ग्रमिण विकास समन्वय शाखा)
सिंहदरबार, काठमाडौं
फोनः ४२००५११, ४२००३०४
इमेलः lbss_mid@yahoo.com

पत्र संख्याः- ०७४/७५

चलानी नं.:- ९४४

मितिः- २०७४/१०/०९

श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै ।

विषय :- जिल्ला समन्वय समितिमा रहेको कोष व्यवस्थापन सम्बन्धमा ।

प्रस्तुत विषयमा जिल्ला समन्वय समिति (साविकको जिल्ला विकास समिति)बाट साविकको स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ले दिएको अधिकार अनुसार विभिन्न क्षेत्रबाट आन्तरिक आम्दानी गर्न सक्ने प्रावधान रहेको र यसरी भएको आम्दानीको रकम जिल्ला परिषदबाट स्वीकृत योजना तथा कार्यक्रमहरुमा खर्च गर्न सक्ने व्यवस्था रहेको थियो । हाल जिल्ला समन्वय समितिका विभिन्न कोषहरुको रकम रोक्का रहेको अवस्था छ । उक्त रकम व्यवस्थापन गर्नका लागि निर्णयार्थ टिप्पणी पेश हुँदा जिल्ला समन्वय समितिको आन्तरिक स्रोत वा दातृ निकाय तथा अन्य संघ-संस्थासँगको साझेदारीमा भइरहेका कार्यको कार्य सम्पन्न भई भुक्तानी दिन बाँकी रकम (सडक बोर्ड, भारतीय दुतावासको सहयोगमा सञ्चालनमा रहेका आयोजनाहरुको समेत) को हकमा गत आ.व.मा नै बजेट विनियोजन भएको, गत आ.व.मै ठेक्का बन्दोवस्त भइसकेको तथा बोलपत्रमा तोकिएको समय वा अन्य प्राविधिक कारणबाट भुक्तानी हुन बाँकी रहेको रकम तथा गत आ.व. मा ठेक्का सम्झौता सम्पन्न भई चालु आ.व. मा काम सम्पन्न भएका आयोजनाहरुको लागि मात्र कार्यसम्पन्न प्रतिवेदन र प्रमाणित लेखा विवरणको आधारमा भुक्तानी गरी त्यसको जानकारी मन्त्रालयमा पठाउने व्यवस्था हुन यस मन्त्रालयबाट मिति २०७४/०९/२८ मा निर्णय (सचिवस्तरीय) भएकोले सोही वमोजिम गर्नु गराउनुहुन अनुरोध छ । साथै अन्य रकम व्यवस्थापनको हकमा पछि जानकारी गराइने व्यहोरा समेत अनुरोध छ ।

(मुक्तिनाथ सुवेदी)
शाखा अधिकृत

**वोधार्थः**
श्री सूचना तथा विद्युतीय शासन शाखाः यो पत्र मन्त्रालयको वेवसाईटमा राखिदिनु हुन ।